# संसदभित्र अनुसन्धानमूलक पत्रकारिता



ईश्वरी सुवेदी✍

**सारांश**

*संसदभित्र अनुसन्धानमूलक पत्रकारिताको विकास हुन जरुरी छ । जति भएका छन् ती पर्याप्त छैनन् । कतिपय मूलधारका अखवार, टेलिभिजन, अनलाइनले कहिलेकाहीँ अनुसन्धानमूलक पत्रकारिता गरेको पाइन्छ । संसदभित्र राजनीतिक शक्ति तथा स्वार्थ समूहको विभिन्न किसिमका स्वार्थ रहिरहने हुँदा मिडिया अनुसन्धान सचेत र सक्रिय भएर लाग्नु पर्ने देखिन्छ । यस्ता शक्ति तथा स्वार्थ समूहहरूको स्वार्थको प्रयोग, परीक्षण र प्रभाव जस्ता कार्य संसदमा हुने गर्दछ । यसले स्वार्थ बाझिन गई द्वन्द्व सिर्जना हुने गर्दछ । संसदमा स्वार्थ टकराव हुन गएमा संसदले नियमित काम गर्न सक्दैन । यसले राष्ट्रलाई दीर्घकालीन असर पुग्ने खतरा हुन्छ । त्यस्तो अवस्थामा मिडियाले भित्रको सबै तथ्य सार्वजनिक गर्नुपर्ने हुन्छ । अनुसन्धानविना सत्य पत्ता लगाउन सम्भव पनि हुँदैन । अनुसन्धानको अभावमा संसदभित्र सांसदहरूका स्वार्थ बाझिने मुद्दाहरू नै पहिचान नहुन सक्छन् । राजनीतिक शक्तिकेन्द्र तथा स्वार्थ समूहहरूले रणनीतिक रूपमा खेल्ने भित्री खेलको पर्दाफास हुन सकेको अवस्था छैन । सरकार गठन, विघटन, अविश्वासको प्रस्ताव जस्ता गतिविधिका साथै संसदका नियमित कामकारवाहीमा हुने असरलाई सूक्ष्म ढङ्गले अनुसन्धान गरी वास्तविक तथ्य बाहिर ल्याउने हो भने संसदीय प्रणाली बलियो बन्दै जान्छ । गहन रूपमा हुने मिडिया अनुसन्धानले विभिन्न लोकतान्त्रिक मुलुकमा पारदर्शिता, सुशासन र विधिको शासन स्थापित हुन पुगेको छ । त्यसैले नेपालको संसदभित्र मिडिया अनुसन्धानको प्रभावकारिता अझै बढाउनुपर्ने आवश्यकता रहेको छ । यो लेख यिनै विषयवस्तुको परिधिभित्र रहेर तयार गरिएको छ ।*

## परिचय

संसदीय मिडिया अनुसन्धान भनेको सांसदभित्र लुकेर रहेका तथ्यलाई सूक्ष्म अध्ययन गरी सत्य कुरा सार्वजनिक गर्नु हो । सार्वजनिक नभई लुकिरहेको तथ्य समाचारबाट बाहिर ल्याउने कार्य सार्वजनिक ओहोदामा बसेका र नीति निर्माताहरूलाई चेतना जगाउने उत्तम तरिका हो । संसदको

✍ पत्रकार

कामकारवाहीलाई प्रभावकारी बनाउनका लागि संसद र संसदीय समितिका भित्री कुराहरू सार्वजनिक हुनु पर्दछ । लोकतन्त्रको संस्थागत विकासले मात्र राष्ट्रमा समृद्धि आउँदछ । त्यसैले संसदीय प्रक्रियाका कुनैपनि पाटोमा मिडिया अनुसन्धान जरुरी छ । शक्तिको दुरूपयोग र बेथितिलाई निर्मूल पार्न नसकेपनि न्यूनीकरण गर्न यसले मद्दत गर्दछ । मिडिया अनुसन्धानलाई विश्वसनीय र भरपर्दो बनाउनका लागि सूक्ष्म र गहन अनुसन्धान गर्ने वातावरणको सिर्जना हुनु आवश्यक छ । आजभोलि पत्रकारितामा आर्थिक र राजनीतिक प्रभावले अनुसन्धानमा असर पारिराखेको देखिन्छ, जसका कारण सशक्त अनुसन्धान गर्नुपर्ने ठाउँमा मिडिया चुकेको छ ।

संसद एउटा राजनीतिक थलो भएका कारण यहाँ संसद बाहिरको प्रभाव, संसदले आफैंले सुधार गर्नुपर्ने विषय, संसदले अनुगमन तथा निर्देशन दिने विषयमा गहन अनुसन्धानको आवश्यकता पर्दछ । शक्ति सन्तुलनका हिसाबले राज्यका तीन अङ्गमध्ये संसद एक महत्त्वपूर्ण अङ्ग मानिएको छ । राज्यका तीन अङ्गमा नै बेथिति र विकृतिजन्य क्रियाकलाप रोक्नका लागि संसदले पारदर्शिता र सुशासनलाई प्रवर्द्धन गर्नुपर्ने हुन्छ । मिडिया अनुसन्धानले संसदीय समिति र संसद बैठकको कामकारवाहीलाई सही बाटोमा लैजान दिशा निर्देश गर्दछ ।

निर्णय प्रक्रियामा हुने स्वार्थको खेल, पूर्वाधार निर्माण तथा सवारी साधनमा आर्थिक अनियमितता, अनुगमन मूल्याङ्कन तथा निगरानीका कमी कमजोरीहरू, संसदभित्र प्रवेश नपाएका विषयहरूको अनुसन्धान गरेर सत्यतथ्य बाहिर ल्याउनु पर्ने दायित्व मिडियाको हो । नेपालमा संसदीय गतिविधिहरू जनतासमक्ष सम्प्रेषण गर्ने कार्यमा मिडियाकर्मीको क्रियाकलाप उत्साहजनक देखिन्छ । तर अनुसन्धानमूलक काममा भने धेरै नै पछि परेको छ । वर्तमान अवस्थामा केही ठूला आकारका छापा, केही टेलिभिजन, केही अनलाइनले अनुसन्धानलाई महत्त्व दिएको पाइन्छ तर सार्वजनिक गर्न नसकेका विषय धेरै छन् । संसदमा सांसदका भाषण, समितिको छलफल र निर्देशन, विधेयक पारित, विधेयक दर्ता जस्ता समाचारले मात्र बढी स्थान पाइन्छ । संसदभित्र सांसदहरूका स्वार्थ बाझिने मुद्दाहरू नै पहिचान गर्न सकेको देखिन्न । अनुसन्धानमूलक समाचार लेख्ने पत्रकारको पनि सङ्ख्या न्यून रहेको छ । मूलधारका अखबार, टेलिभिजन, अनलाइनमार्फत् सशक्त रूपमा अनुसन्धान गर्नुपर्ने आवश्यकता वर्तमान अवस्थामा झन् महशुस हुन थालेको छ । मिडिया अनुसन्धान प्रभावकारी भएमा नै संसदीय प्रणालीलाई मजबुत बनाउन मद्दत मिल्दछ ।

**मिडिया अनुसन्धानका पक्षहरू**

मिडिया अनुसन्धानका विभिन्न पक्षहरू रहेका छन् । सतहमा नदेखिने विषयलाई गहिराइसम्म पुगेर खोज्नका लागि अनुसन्धानको आवश्यकता पर्दछ । यसका लागि सञ्चार माध्यमले विभिन्न

विधिको प्रयोग गर्ने गर्दछन् । सूचनाको अधिकारको प्रयोग, स्टिङ अप्रेसन, सोसल मिडिया, वेबसाइट, अन्तरक्रिया, भेटघाट, अन्तरवार्ता, विभिन्न समाचारहरू पत्रकारिताका अनुसन्धानका आयामहरू हुन् । यहाँ अनुसन्धानका तीन मुख्य पक्षहरूको चर्चा गरिएको छ ।

**(क) सूचनाको अधिकारको प्रयोग**

प्रतिनिधिमूलक संसदीय शासन प्रणालीमा जनताको अधिकार मत खसाल्ने काममा मात्र सीमिति हुन दिनु हुँदैन । जनताका प्रतिनिधिलाई जनताप्रति जवाफदेही बनाउन र सरकारलाई निरङ्कुश बन्नबाट जोगाउनका लागि सकेसम्म सबै सरकारी सूचनाहरू बाहिर आउनु पर्दछ । राज्यसँग भएका सबै सूचना जनताको नासो मानिन्छ । ती सूचनालाई मिडियाले थप अनुसन्धान गरेर बाहिर ल्याएमा त्यसले राज्यलाई सही दिशामा लैजान सक्दछ । सूचनाको अधिकार (Right to Information) को प्रयोगले गोप्यतालाई चिर्न सक्छ र गोपनियताको नाममा मौलाएको भ्रष्टाचारको जालोलाई यसले च्यात्न सक्छ । नेपालको संविधानको धारा २७ तथा सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ३ र ७ ले सूचनाको हक सम्बन्धी व्यवस्था गरेको छ । सूचनाको हक प्रयोग गरेर आएको सूचनाबाट थप अनुसन्धान गर्दा लुकिरहेको वास्तविक तथ्य प्राप्त गर्न सकिने भएकाले अनुसन्धानमूलक पत्रकारितालाई यसले निकै सघाउ पुऱ्याउन सक्छ । बेलायतमा सूचनाको स्वतन्त्रता ऐन, २००० को उपयोग गरेर सरकारी फाइलमा लुकेका हजारौं समाचारहरू बाहिर आए । अरू देशमा पनि यस्ता उदाहरणहरू पाइन्छन् । यो कानून लागू नभएको भए यस्ता समाचार बाहिर आउने थिएनन् ।

अनुसन्धानमूलक पत्रकारिताका लागि सूचनाको हकको मात्र प्रयोग गरेर पुग्दैन, प्राप्त सूचनाबाट थप अनुसन्धान गरी वास्तविक कुरा पत्ता लगाउनुपर्ने भएको हुँदा सूचनाको हक अनुसन्धानमा एउटा सहयोगी माध्यम बन्न सक्दछ । सूचनाको हकले सरकारी कामलाई मात्र बाहिर ल्याउन मद्दत गर्दछ । व्यक्तिगत सम्पर्क सम्बन्धको आधारमा प्राप्त हुने सरकारी सूचनाहरू पूर्ण हुन नसक्ने र त्यसले भ्रम छर्न सक्ने भएका कारण सूचनाको अधिकारको प्रयोगले विश्वसनीयता प्रदान गर्दछ । सूचनाको हक सम्बन्धी ऐनले पत्रकारलाई व्यक्तिगत सम्बन्धको आधारमा सरकारी सूचना प्राप्त गनु पर्ने वाध्यतालाई समाप्त पारिदिन्छ । किनभने यसले पत्रकारलाई सूचनाको नयाँ र भरपर्दो आधार प्रदान गर्छ । संसदमा सूचनाको अधिकार प्रयोग गरेर सूचना लिने अभ्यास सुरु भए पनि त्यसलाई एकातिर पर्याप्त मात्रामा सदुपयोग गर्न सकेको अवस्था छैन भने अर्कोतिर एउटै विषयमा सबैजना केन्द्रित भएको पनि देखिन्छ ।

**(ख) स्टिङ अप्रेसन**

सरल तरिकाले सूचना प्राप्त गर्न नसकिने अवस्था आएको खण्डमा स्टिङ अप्रेसनबाट पनि सूचना प्राप्त गरिन्छ । स्टिङ अप्रेसनमा लुकिछिपी अनुसन्धान गरिन्छ भने वास्तविक रूपभन्दा फरक रूप धारण गरेर प्रमाण सङ्कलन गरिन्छ । मुख्यगरी तीन अवस्थामा स्टिङ अप्रेसनबाट प्राप्त गरिएको सूचनालाई जायज मान्न सकिन्छः (क) यदि कुनै सूचना प्रकाशन र प्रसारण गर्नु सार्वजनिक चासोको हिसाबले महत्त्वपूर्ण छ भने, (ख) यदि कुनै अपराध भइरहेको वा हुन सक्ने अवस्थाको जानकारी छ, तथ्य प्रमाणको अभाव रहेको अवस्था छ र सूचना सार्वजनिक गर्दा त्यस्तो अपराध रोकिने अवस्था छ भने, (ग) यदि कुनै सूचना प्राप्त गर्ने सबै वैधानिक उपायहरू अवलम्बन गरिएको छ तर त्यसबाट सफलता नमिलेको अवस्था छ भने ।

स्टिङ अप्रेसनबाट कुनै व्यक्तिको व्यक्तिगत चरित्र हत्या गर्ने, व्यक्तिगत विवरण सार्वजनिक गर्ने काम भने गर्नु हुँदैन । उदाहरणका लागि कुनै पत्रकारले वकिलको धारण गरी कसैको वैयक्तिक गोपनियताका कुराहरू पत्ता लगाएर सार्वजनिक गर्नु हुँदैन, पत्रकारले सुरक्षाकर्मीको रूप धारण गरेर कसैको घरभित्र पसी कुनै सूचना प्राप्त गर्ने वा प्रकाशन र प्रसारण गर्ने प्रयास गर्नु हुँदैन । पत्रकारले कुनै होटलमा ग्राहक बनेर बसी त्यहाँ बसेको कुनै अर्को व्यक्तिको गतिविधि समेटेर समाचार प्रकाशन र प्रसारण गर्नु हुँदैन । पत्रकारले चिकित्सक वा नर्सको भेष धारण गरी अस्पतालमा कुनै व्यक्तिका स्वास्थ्य सम्बन्धी निजी विवरणहरू लिएर प्रकाशन र प्रसारण गर्नु हुँदैन । अमेरिका, भारत, न्यूजिल्याण्ड जस्ता देशमा पत्रकारितमा स्टिङ अपरेसनलाई मान्यता दिइएको छ भने स्विडेन, फ्रान्स जस्ता कतिपय देशमा भने स्टिङ अप्रेसनलाई अपराध मानिन्छ । नेपालको सन्दर्भमा पत्रकार आचारसंहिता २०७३ ले स्टिङ अप्रेसनलाई स्पष्ट व्याख्या गरेको छैन तर व्यक्तिको गोपनियताको सम्मान गर्नुपर्ने पत्रकारको दायित्व भए पनि सार्वजनिक हितमा त्यस्तो सूचना वा सामग्री सम्प्रेषण भएमा त्यसलाई गोपनियताको हकको उल्लङ्घन नमानिने जनाइएको छ । सार्वजनिक हितका लागि प्रविधिको गोप्य रूपमा प्रयोग गर्नुपरेमा त्यसरी सङ्कलित सामग्री प्रस्तुत गर्दा पाठक, स्रोता वा दर्शकलाई यथार्थ जानकारी दिनु पर्दछ भनिएको छ ।संसदमा यो विधि त्यति व्यावहारिक नहुने भए तापनि अनुसन्धानमूलक पत्रकारिताको एक पक्षको रूपमा भने यसलाई लिइन्छ ।

**(ग) सोसल मिडिया र वेबसाइट**

मिडिया अनुसन्धानलाई सामाजिक सञ्जाल र वेबसाइटहरूले पनि सहयोग गर्ने गरेका छन् । अनुसन्धानका क्रममा सामाजिक सञ्जाल र वेबसाइटबाट डाटा निकाल्ने र विश्लेषण गर्ने कार्य गरिन्छ । अनुसन्धान गर्ने क्रममा परम्परागत तरिकाले अनुसन्धान गर्ने विधिभन्दा माथि उठेर वेबसाइट र लोकप्रिय सामाजिक सञ्जालमा उत्पादित सामग्री र सूचना अवलोकन गर्ने गरिन्छ ।

यसबाट विशिष्ट घटनाहरू वा मुद्दाहरूका सम्बन्धमा समर्थन, विश्लेषण, भावना र मनोसामाजिक आयामहरूको बारेमा अध्ययन गर्न सकिन्छ । सामाजिक सञ्जालमा के प्रयोग हुँदैछ, कसले के भनिरहेको छ भनेर बुझ्नको लागि उपयोगी हुन्छन् । यसैगरी विभिन्न कार्यालयले आफ्नो वेबसाइटमा धेरै कुराहरू राख्ने प्रचलन बढ्दै गएको छ । यसले अनुसन्धानमा सहयोग पुगेको छ ।

पत्रकारितामा अनुसन्धान गर्नका लागि अन्तर्राष्ट्रिय स्तरमा सोसल मिडियाको प्रयोग धेरै नै बढ्दै गएको छ । नेपालमा पनि प्रविधिको विकाससँगै यसको अभ्यास सुरु हुन थालेको छ । हाम्रो लागि धेरै प्रयोग हुने सोसल मिडियामा फेसबुक हो । हरेक दिन एक अर्ब ३० करोडभन्दा बढी मानिसहरूलले यसको प्रयोग गर्दछन् । यद्यपि फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालहरूले कुनै पनि घटनामा समाजको एउटा मत बाहिर ल्याउने काम गर्दछ । संसदभित्रका गतिविधि सामाजिक सञ्जाल (फेसबुक, ट्वीटर) र वेबसाइटमा अद्यावधिक गर्ने गरेकाले वर्तमान अवस्थामा संसदको अनुसन्धानमा  निकै सहयोग पुगेको महशुस हुन थालेको छ ।

**मिडिया अनुसन्धानका केही परिघटना**

मिडिया अनुसन्धानले विश्वमा धेरै परिवर्तन ल्याएको पाइन्छ । मुख्यगरी लोकतान्त्रिक मुलुकमा मिडियाको भूमिका अत्याधिक बढेको छ । पारदर्शिता, विधिको शासन स्थापित गर्नका लागि मिडिया उपयुक्त साधन बनेको छ । शक्तिका आडमा हुने ठूलठूला भ्रष्टाचारहरूको पर्दाफास भएको छ । अमेरिकामा Washington Post पत्रिका मार्फत् Watergate Scandal सार्वजनिक गरेपछि तत्कालीन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले राजीनामा दिएको घटना एउटा उदाहरणको रूपमा लिन सकिन्छ । Watergate Scandal अभियोगमा उनलाई महाअभियोग लगाउने तयारी गरिएको थियो तर उनले सन् १९७४ अगष्ट ९ मा राजीनामा गर्न बाध्य हुनुपरेको थियो । हालसम्म निक्सन संयुक्त राज्य अमेरिकाका एकमात्र राष्ट्रपति हुन् जसले कार्यकाल छँदै पदबाट राजीनामा गरे । बौद्धिक प्रतिभा र पर्याप्त चुनावी जनादेश पाएका राष्ट्रपति निक्सनले राजीनामा दिनुपरेको कुरा सामान्य थिएन । Gary Hart, Korea Gate जस्ता अन्तर्राष्टियस्तरको संसदको घोटालाको विषय पनि अनुसन्धान पत्रकारिताको उल्लेख्य उदाहरण हो ।

Korea Gate सन् १९७० को दशकको 'वाटरगेट' घोटालाको तत्काल पछि देखा परेको थियो । पत्रकारहरूले सरकारमा घोटाला सम्बन्धी सुझाव दिने कुनै पनि कार्यक्रममा 'गेट' जोड्न थाले । सन् १९७५ देखि १९७६ मा Korea Gate को कुरा मिडियाबाट बाहिर आयो । Korea Gate अमेरिकी नीतिलाई प्रभावित पार्नका लागि दक्षिण कोरियाली प्रयास थियो । सन् १९७० को दशकमा कोरियाली व्यापारी टोंगसन पार्कले १९७० देखि १९७५ सम्म अमेरिकी सांसदलाई उपहार

स्वरूप ठूलो रकम खर्च गरे । दुई लाख ४६ हजार अमेरिकी डलर भुक्तानी प्राप्त गरेको भन्दै अमेरिकी संसद हाउस अफ रेप्रिजेन्टेटिभमा क्यालिफोर्नियाका प्रतिनिधि रिचर्ड थामस हन्नालाई एक वर्ष कारावास सजाय सुनाइएको थियो । यो गतिविधि बाहिर आएपछि केही समय अमेरिका र दक्षिण कोरियाको सम्बन्ध बिग्रिएको थियो ।

Gary Hart एक अमेरिकी राजनीतिज्ञ, कूटनीतिज्ञ र वकिल हुन् । उनी सन् १९८८ को डेमोक्रेटिक राष्ट्रपति पदको उम्मेदवारका लागि front-runner थिए । पत्रिकाले उनको Womanizer भन्ने आरोप प्रमाणित गरेपछि उनी त्यहाँबाट बाहिरिनु परेको थियो । उनले सन् १९७५ देखि १९८७ मा अमेरिकाका सिनेटमा कोलोराडोको प्रतिनिधित्व गरेका थिए । बेलायतमा सन् २००९ मा भएको संसदीय घोटाला एक प्रमुख राजनीतिक घोटाला थियो । बेलायतका House of Lords र House of Commons का सांसदले विगतका वर्षहरूमा खर्च दुरूपयोगको बारेमा 'The Telegram' नामक अखबारमा समाचार प्रकाशित भएको थियो । सांसदले भत्ता र खर्चको व्यापक दुरूपयोगको खुलासाले संसदका सदस्यहरूलाई बेलायतका जनतामा व्यापक आक्रोश जगाएको थियो । यस घटनामा संलग्न House of Commons का पूर्व सदस्यहरू र House of Lords का सदस्य गरी चार जनालाई मुद्दा चलाई जेल सजायसमेत सुनाइएको थियो ।

बेलावखत नेपालका मिडियाले गहन अनुसन्धान गरेर नलेखिएको, केही समाचारलाई अफवाह फैलाएको, कपोलकल्पित समाचार लेखेको र कतिपय विषयहरूलाई अतिरञ्जित रूपमा प्रचार गरेको आरोप लाग्ने गरेको छ । वि.सं. २०५७ साल पुस ११ गते भएको ऋतिक रोशन काण्ड यसको एउटा उदाहरण हो । भारतीय अभिनेता ऋतिक रोशनले 'नेपाल र नेपालीहरू मन पर्दैन' भनेर अन्तरवार्ता दिएको विषयलाई नेपाली मिडियाले नकारात्मक रूपमा उकासेर नेपालमा दङ्गा भड्किएको आरोप लागेको थियो । यस घटनामा मधेसी मूलका नेपालीहरूमाथि आक्रमणसमेत भएको थियो । ऋतिक रोशनले दिएका अभिव्यक्तिको प्रतिक्रिया स्वरूप काठमाडौंलगायत देशका विभिन्न पहाडी स्थानमा मधेशी समुदायका व्यक्तिहरूलाई कुटपिट गरिएको थियो । नेपाल सद्भावना पार्टीको केन्द्रीय कार्यालय शान्तिनगरमा आक्रमण र आगजनी गरिएको थियो । सो पार्टीले 'त्यस घटनालाई ऋतिक रोशन काण्डको रूपमा स्मरण गर्दै त्यस दिनलाई कालो दिवसको रूपमा याद गर्ने गर्दछौं' भन्ने विज्ञप्ति प्रकाशित गरेको थियो । सो काण्डको छानविन गर्न गठित आयोगको प्रतिवेदनलाई सार्वजनिक गर्न र त्यस प्रतिवेदनमा दोषी ठहर गरिएकाहरूलाई कारवाही गर्न नेपाल सरकारसँग नेपाल सद्भावना पार्टीले माग समेत गरेको थियो ।

चितवनको भरतपुरस्थित विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशन डा. भक्तमान श्रेष्ठलाई कुनै राजनीतिक पार्टीका कार्यकर्ताले पार्टीकै निर्देशनमा अपहरण गरिएको भनेर मिडियामा आएको थियो तर, अनुसन्धानबाट उनको अपहरण फिरौतीका लागि रहेछ भन्ने पाइएपछि समाचार झुटो सावित भएको थियो । विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशन डा. भक्तमान श्रेष्ठको २०६७ को जेठ ४ गते मंगलबार राति सवा दश बजेदेखि वेपत्ता भएका थिए । उनको सवारी साधन पोखरामा र ब्रिफकेश चितवनको दारेचोकमा फेला परेको थियो । अनुसन्धान पत्रकारितामा होसियारी नपुग्दा नेपालका मूलधारका मिडियामा आएका खबरहरू झुट्टा सावित भएका धेरै उदाहरणहरू छन् ।

**संसदभित्र मिडिया अनुसन्धानको आवश्यकता**

मिडियाले राष्ट्र र समाजलाई नकारात्मक दिशातर्फ जानबाट रोक्ने प्रयास गर्दछ । राज्यका तीन निकायमध्ये संसदमा सधैं स्वार्थको टकराव भइरहेको हुन्छ । संसद राजनीतिको खेलमैदान पनि हो । संसदमा विभिन्न किसिमका शक्तिहरूको स्वार्थको प्रयोग, परीक्षण र प्रभाव जस्ता कार्य संसदमा हुने सम्भावना रहिरहन्छ । यसले स्वार्थ बाझिन गई द्वन्द्वको स्थिति सिर्जना गर्दछ । संसदमा स्वार्थ टकराव हुन गएमा संसदले अपेक्षित गति लिन सक्दैन । यसले राष्ट्रलाई दीर्घकालीन असर पुग्न सक्छ । त्यहाँ मिडियाले भित्रको विवादास्पद तथ्य सार्वजनिक गर्नु पर्ने हुन्छ । अनुसन्धानविना सत्य पत्ता लगाउन सम्भव हुँदैछ । स्वार्थको खेल जनतालाई थाहा दिन पनि त्यस ठाउँमा मिडिया अनुसन्धानको सक्रियता बढाउनु पर्दछ, जुन ठाउँमा आर्थिक अनियमितता रहन्छ र विधिको शासन लागू हुँदैन त्यहाँ सुशासन र पारदर्शिता पनि हुँदैन ।

राजनीतिक शक्तिकेन्द्रहरूले रणनीतिक रूपमा खोल्ने भित्री खेलको रहस्य बाहिर जनतामाझ आउन सकेको छैन । सरकार गठन, विघटन, अविश्वासको प्रस्ताव, महाभियोग प्रस्ताव, सरकारलाई समर्थन फिर्ता, संसद बहिष्कार, फरक मतजस्ता खेलहरू पनि संसदमा हुने गर्दछन् । कहिलेकाहीं प्रधानमन्त्री, मन्त्री र सांसदले संसदमा बोलेका कुराको पछाडिको रहस्य खोतली बाहिर ल्याइदिनुपर्ने हुन्छ । संसदमा जुनसुकै विषयमा छलफल होस्, त्यो भित्रको राजनीति, रणनीतिको कुनै भेउ पाइएन भने त्यसबाट उत्पन्न हुने परिणाम राष्ट्रका निम्ति प्रतिउत्पादक बन्न पनि सक्दछ । त्यसैले सकेसम्म सूक्ष्म अनुसन्धानलाई मिडियाले प्राथमिकता र निरन्तरता दिनसक्नु पर्दछ ।

संसदमा आउने नयाँ विधेयक हुबहु पारित भएमा त्यसले निम्त्याउने सङ्कट र संसदले ध्यान दिनुपर्ने विषय, प्रधानमन्त्री र मन्त्रीले संसदमा दिएका सवाल जवाफहरूको औचित्यता र गाम्भीर्यता, सार्वजनिक महत्त्वका विषयमा बेला बेलामा प्रधानमन्त्री र मन्त्रीले संसदमा राखेका धारणा र

प्रतिवद्धताको समिक्षा, संसद र समितिका बैठकमा उठेका र नउठेका विषयहरू र त्यसभित्रको राजनीति, कानून निर्माणमा हुने ढिलाइ र चुकेका विषय, सन्धि सम्झौता अनुमोदन भएको र नभएको विषय, संसदको खर्च मितव्यीताबारे अनुसन्धान गनु पर्ने हुन्छ । उल्लेखित विषयभित्र पसेर उल्लेख्य मात्रामा समाचारहरू कमै मात्रामा आएको पाइन्छ । नेपालमा २०४८ सालपछि मिडियामा अनुसन्धान गरी आएका केही विषयमा संसदमा धेरै छलफल बहस भएको पाइन्छ । दरबारका तत्कालीन अधिराजकुमार धिरेन्द्रका एडीसी भरत गुरुङ र पूर्व प्रहरी महानिरीक्षक डिबी लामा प्रकरण, सांसद किनबेचदेखि सांसद अपहरण, पजेरो खरिदलाई लाउडा विमान खरिद, सुडान घोटाला, वाडवडी खरिद उदाहरणको रूपमा लिन सकिन्छ ।

**संसदभित्र मिडिया अनुसन्धानका चुनौती**

मिडियामा आउन रुचाउनेका लागि भनिन्छ, 'If you are interested in this field, you need detailed eyes.' मिडिया अनुसन्धन साँघुरो घेराभित्र रहन सक्दैन । यसले हरेक कोणबाट आफ्नो अनुसन्धान गर्दछ । घटनामा महत्त्वपूर्ण र शक्ति भएका व्यक्तिहरूको हात रहेको वा प्रत्यक्ष संलग्न पनि रहेको हुनसक्ने भएकाले तथ्यहरूको सङ्कलन गर्दा निकै चुनौतीपूर्ण पनि हुने गरेको छ । त्यसैले, भनिन्छ 'Investigative news reporting is something that some powerful people want to be suppressed' अर्कोतर्फ संसदको कुनै पनि विषयको अनुसन्धानमा लाग्ने समय र लगानी जुटाउनु पर्ने विषय अनुसन्धानमा आइपर्ने अप्ठ्याराहरू हुन् । मिडिया अनुसन्धानको प्रभावकारिता त्यतिबेला मात्र देखिन्छ, जब सही तथ्य बाहिर ल्याउन सकिन्छ र त्यसले समाजमा सकारात्मक प्रभाव छाड्न सक्दछ । मिडियाको स्वतन्त्रताको सदुपयोग गर्दै अनुसन्धानलाई सही तरिकाले प्रयोग गर्न जरुरी हुन्छ । नेपाली मिडियाले अनुसन्धानलाई केन्द्रमा राखेर ठूलो लगानी गर्ने गरेका छैनन् । जसबाट सरकारी निकायसँग भएका प्रमाण मात्र नेपाली मिडियाले खोज्न सक्ने र त्यसभन्दा बाहिर गएर पत्रकारिताले अनुसन्धान गरेको पाइँदैन । मिडिया अनुसन्धान खाली सूचनाको हक सम्बन्धी अधिकार प्रयोग गरेर मात्र भएको देखिन्छ । त्यसरी प्राप्त सूचनालाई कति अनुसन्धान गर्नुपर्ने हो, त्यसबारे पर्याप्त ध्यान दिएको पाइँदैन ।

संसदीय गतिविधिमा ध्यान केन्द्रित गरेर अनुसन्धान नहुँदा संसदले आफ्नो काममा सक्रियता नदेखाउँदा पनि त्यसभित्रको वास्तविकता आउन सकेको छैन । निष्पक्ष ढङ्गबाट सत्यतथ्य बाहिर नआएमा त्यसले राष्ट्रलाई र व्यक्तिलाई नकारात्मक असर पार्ने हुँदा मिडियाकर्मी अनुसन्धानलाई प्रभावित पार्ने पक्षबाट टाढै रहनुपर्ने हुन्छ । मिडियाकर्मीले नै निष्पक्ष ढङ्गले अनुसन्धान गर्ने कुरामा प्रश्न उठ्न थालेको छ । अनुसन्धान गरिएको विषयमा काल्पनिक कुरा जोडेर तोडमोड गर्ने, कसैलाई

लक्षित गर्ने जस्ता आरोप मिडियाले खेप्नु परेको पनि छ । अनुसन्धान नगरी मिडियाबाट बाहिरएका विषयले कहिलेकाहीँ मिडियाको विश्वसनीयतामाथि गम्भीर चुनौती सिर्जना गरेका छन् । सही अनुसन्धान गरी समाजमा सकारात्मक प्रभाव छाड्न सफल भएमा मात्र त्यसको औचित्य दिगो रहन सक्छ । अनुसन्धान प्रभावकारी बनाउनका लागि मिडियाले सधैं तीन कुरा ज्ञान, तटस्थता र गोपनियतालाई अगाडि राख्न जरुरी छ । मिडिया अनुसन्धान खाली तर्साउनका लागि भन्दा पनि अनुसन्धान गरिएको विषयले राष्ट्रलाई सही मार्गमा लैजानका लागि सकारात्मक भूमिका खेल्न सहयोग पुग्नु पर्दछ । सकारात्मक कुराभित्र पनि यस्ता किसिमका नकारात्मक असरहरू हुन सक्छन् भनेर औंल्याउने काम गर्नु पर्दछ ।

मिडिया अनुसन्धानको दायित्वभित्र सकारात्मक नकारात्मक दुवै कुरा पर्दछन् । तथ्याङ्क र विश्लेषणमा आधारित भएर घटनाको Cause, Effect, Relationship देखाउनु पर्दछ । The Daily Tribune का पत्रकार Michael Gartner भन्छन्, "तपाईसँग कुनै खास कार्यसूची छ भने तपाईं अखबारको व्यवसायका लागि उपयुक्त पात्र होइन, यदि तपाईं संसार बदल्न चाहनुहुन्छ भने शिक्षक वा राजनीतिज्ञ वा समाजशास्त्री वा आमा बन्नुहोस्, रिपोर्टर नबन्नुहोस् ।" क्यानडेली पत्रकार संघले तयार पारेको आचारसहिंताको 'कन्फ्लिक्ट अफ इन्टरेस्ट' खण्डमा भनिएको छ- कुनै पनि पत्रकार पत्रकारिताका मूल्य मान्यतासँग प्रतिकूल प्रभाव पार्ने गतिविधिमा संलग्न हुन चाहेमा (जस्तैः राजनीतिक उम्मेदवारी, व्यापार र नियुक्ति आदि) सार्वजनिक रूपमा आफ्नो संलग्नता र योजना सार्वजनिक गर्नुपर्छ र स्वार्थ बाझिने भए पत्रकारिता त्याग्नु पर्छ । पत्रकार आचारसंहिता, २०७३ मा प्रायोजित भ्रमण तथा लेखनवृत्तिमा पारदर्शिता अपनाउन र त्यस्तो प्रायोजनार्थ लेखिएको समाचारमा सहयोग दिने संस्थाको विवरण र निहित उद्देश्य खुलाउन निर्देशन गरिएको छ । यसैगरी पेसागत मर्यादामा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि सरकारी, गैरसरकारी निकाय, व्यापारिक प्रतिष्ठान, संघसंस्था वा व्यक्तिबाट कुनै पनि प्रकारका पुरस्कार, उपहार, सम्मान वा सुविधा लिन नहुने समेत उल्लेख छ ।

## निष्कर्ष

संसदभित्र अनुसन्धान गर्नुअघि विषयको गाम्भीर्यतालाई बुझ्न सक्नु पर्दछ । यसका लागि संसदीय ज्ञान र दृष्टिकोणको जरुरी पर्दछ । सञ्चार माध्यमको मूल्य मान्यता र व्यावसायिकतालाई ध्यानमा राखेर मिडियाले गम्भीर विषयलाई उठाउन नसक्नुका पछाडि धेरै कारणहरू छन् । तर, सत्य कुरालाई कुनै कारणबाट पनि सार्वजनिक गर्नबाट रोक्न नहुने हुँदा मिडियाले संसदीय अनुसन्धानमा अझै प्रभावकारी कदम चाल्नुपर्ने अवस्था छ । अनुसन्धानमा आउने चुनौतीको सामना गर्नका लागि यसबारे संवेदनशील भएर सबै पक्षले साथ दिनु जरुरी छ । संसदीय निगरानीलाई प्रभावकारी बनाउन

र संसदीय प्रणालीलाई गतिशील बनाउने माध्यम मिडिया नै हुन सक्दछ । मिडियाले लुकेका तथ्यलाई सार्वजनिक गर्दै जाने हो भने यसले संसदीय प्रणालीलाई सुदृढ र सबल बनाउने सुनिश्चित छ ।

**सन्दर्भ सामग्री**


नेपालको संविधान (२०७२)

पत्रकार आचारसंहिता, २०७३

सूचनाको हक सम्बन्धी ऐन, २०६४

संसदीय पत्रकारिता पुस्तक, २०७३

Blaxter. L., How to Research? Third Edition : New Delhi : Tata McGraw Hill, 2010

Bowden. J., Writing Good Reports, Viva Books Private Limited, New Delhi 2000

Kumar.  R., Research Mythology  London SAGE Publications, 2005